मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

०६९ { ४२००२०, ४२००२१, ४२००२२

पत्र संख्याः -२०८२।८३

सूचना नः ४४

मितिः २०८२/०८/०४

## रैथाने बाली प्रवर्द्धन कार्यक्रम का लागी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा सूचना

मालिका गाउँपालिकाको आ.व. २०८२/८३ मा सङ्घीय सशर्त कार्यक्रम तर्फको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गतका तपसिल बमोजिमका क्रियाकलापहरुमा सहभागी हुन इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/सामुदायिक बिउ बैंक व्यवस्थापन समिति/जैविक विविधता संरक्षण समिति/होमस्टे सञ्चालकहरुले आवश्यक कागजातहरु सहित मिति २०८२/०८/१८ गते भित्र यस कार्यालयको कृषि शाखामा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिलः

| क्र.सं | क्रियाकलाप | लक्षित संस्था | मापदण्ड |
|---|---|---|---|
| १. | क्षेत्र बिस्तार प्रोत्साहन अनुदान | कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म | बाँझो रहेको जमिनमा खनजोत गरी रैथाने बाली खेती गर्ने कृषकलाई प्रति रोपनी रु.९०० का दरले प्रोत्साहन अनुदान दिईने, |
| २ | रैथाने बालीको उत्पादनमा प्रोत्साहन अनुदान | कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म | रैथाने बालीको खेती गर्ने कृषकलाई उत्पादनको आधारमा प्रतिकिलो उत्पादनको लागि रु.१० को दरले प्रोत्साहन दिईने, |
| ३ | माटो स्वास्थ्य सुधार/सुधारिएको गोठेमल कार्यक्रम/नमुना भकारो सुधार कार्यक्रम | कम्तिमा १० घरको समूह जम्मा भई निवेदन पेश गर्नुपर्ने | यस अन्तर्गत आवश्यक सामाग्रीमा ५० प्रतिशत अनुदान दिईने, |
| ४ | प्रशोधन मुल्य अभिवृद्धि एवम् परिकार विविधिकरण तथा बजारीकरण सहयोग | कृषक समूह, कृषि सहकारी, कृषि फर्म, होमस्टे, कोसेली घर, क्रियाकलापसँग सम्बन्धित निजि फर्म, उद्योगी तथा व्यवसायी | ➢ चुट्ने मेसिन, फल्ने मेसिन, भण्डारण ब्याग वा विन कुट्ने वा पिस्ने मिल मा ५० प्रतिशत अनुदान दिईने,<br>➢ रैथाने बालीको परिकार बिक्रि गर्ने रेष्टुरेन्टको लागी ओभन मक्सिर ट्रे रेफ्रिजिरेटर डिजिटल ब्यालेन्स आदि खरिदमा ५० प्रतिशत अनुदान दिईने, |

| | | | |
|---|---|---|---|
| | | | ➢ कोशेली घर सन्चालनका लागी आवश्यक रयाक्/ सोकेश खरिदका लागी ५० प्रतिशत अनुदान दिईने ,<br>➢ रैथाने बालीको प्याकेजिङ्ग र ब्रान्डिङ्गमा प्रयोग हुने सामाग्रीमा ५० प्रतिशत अनुदान दिईने, |
| ५. | रैथाने बाली संरक्षणका लागि सामुदायिक बीउ बैंक स्थापना/सुदृढिकरण | कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म, सामुदायिक बिउ बैंक, जैविक विविधता संरक्षण समिति | |

आवश्यक कागजातहरु:

१. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/सामुदायिक बिउ बैंक व्यवस्थापन समिति/जैविक विविधता संरक्षण समिति/होमस्टे दर्ता तथा नविकरण तथा कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
२. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
३. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/सामुदायिक बिउ बैंक व्यवस्थापन समिति/जैविक विविधता संरक्षण समिति/होमस्टेबाट कार्यक्रम मागको निर्णयको प्रतिलिपि,
४. निर्दिष्ट कार्ययोजना सहितको निवेदन,
५. जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि (कम्तिमा ५ वर्षका लागि),
६. वडा कार्यालयको सिफारिस ।

*नोटः रैथाने बालि अन्तर्गत कोदो, कागुनो, चिनो, जौ, फापर, उवा, जुनेलो लगायतका बालीहरुलाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गरिनेछ ।*

८।४

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)

मितिः

विषयः अनुदान उपलव्ध गराइदिनुहुन।

श्रीमान् ..........................,
................कार्यालय,
................ स्थानीय तह/प्रदेश।

महोदय,

तहाँ कार्यालयबाट मिति..........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

तपसिलः

अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तह/ प्रदेशः
वडा नं
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक

कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क फोन नं
मितिः
संस्थाको छाप

डा. गोविन्द प्रसाद शर्मा
सचिव